| स्मार्ट क्लासरुम परियोजना संचालन सम्बन्धी शर्तनामा (ToR) | |
|---|---|
| परियोजनाको नाम | स्मार्ट क्लासरुम परियोजना (Smart Classroom Project) |
| परियोजनाको प्रकार | स्मार्ट क्लासरुम परियोजना संचालनका लागि विद्यालयहरूबाट प्रस्तावना आह्वान |
| परियोजनाको क्षेत्र | डोटी जिल्ला |
| प्रस्तावना पेश गर्नुपर्ने अन्तिम मिति | ३ असार २०७६ (१८ जुन, २०१९) |

## १.०.साधारण परिचय

सामुदायिक विकास केन्द्र, डोटी जिल्लाको स्थानिय स्वयंसेवकहरुद्वारा जिजौडामाण्डौ गा.वि.स.मा स्थापना भै वि.सं.२०४९ साल पौष १६ (December 31, 1992) गते जिल्ला प्रशासन कार्यालय डोटीमा दर्ता नं. १२ सहित विधिवत दर्ता गरिएको संस्था हो । वि.सं. २०५२ असोज २३ गते समाज कल्याण परिषदमा दर्ता नं.३२८८ सहित दर्ता भएको छ । स्थापना देखि नै नेपालका सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका हिमाली र पहाडी जिल्लाका गाउंहरुमा बालबालिकाहरुको विकास संरक्षण, महिला सशक्तिकरण, आर्थिक विकासका क्षेत्रमा सहकार्य गर्दै आएको छ । सामुदायिक सहभागिता, सरोकारवालाहरुसंगको समन्वय र सहकार्य सामुदायिक विकास केन्द्र डोटीका कार्यक्रम र संस्थागत विकासका आधार हुन् । संस्थागत विकास, कार्यक्रमको योजना तर्जुमा र कार्यान्वयनमा स्थानीय साधन र स्रोतको परिचालनमा जोड दिन्छ । सामुदायिक विकास केन्द्र डोटी समुदायमा आधारित समुहबाट विकास हुदै आएको संस्था भएकोले सरोकारवालाहरुको सुझाबका आधारमा सिक्दै र आफ्नो विकास गर्दै आएको संस्था हो । हाल सामुदायिक विकास केन्द्र डोटीको केन्द्रिय कार्यालय जिजौडामाण्डौ गा.वि.स.वडा नं. १ उच्चाकोटमा रहनुका साथै जिल्ला सम्पर्क कार्यालय दिपायल सिलगढी नगरपालिका वडा नं.१ मा रहेका छ ।

गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सामुदायिक विकास केन्द्रले डोटी जिल्लाका दिपायल सिलगढी नगरपालिका तथा पूर्वीचौकी गाउँपालिकामा सामुदायिक विकास परियोजना संचालन गर्दै आएको छ । सन् २०१७/२०१८ मा गुड नेवर्स इन्टरनेशनल नेपालले आफ्ना साझेदार संस्थाहरूको सहकार्य तथा नेपाल सरकार र सामुदायिक विद्यालयहरूको समन्वयमा कास्की र पर्वत जिल्लाका २४ वटा सामुदायिक विद्यालयहरूमा प्रथम चरणमा स्मार्ट क्लासरुम परियोजना शुरू गरेको थियो ।

यसै सन्दर्भमा सामुदायिक विकास केन्द्रले सामुदायिक विकास परियोजनाको शिक्षा विकास अन्तर्गत सूचना, संचार तथा प्रविधिको प्रयोग गर्दै शिक्षामा बालबालिकाहरूको पहुँच र गुणस्तरको बृद्धि जस्तो उद्देश्यका साथ डोटी जिल्लाको सामुदायिक विद्यालयहरूमा स्मार्ट क्लासरुम परियोजना संचालन गर्ने लक्ष्य राखेको छ । यो परियोजना अन्तर्गत विद्यालय छनौट, अवस्था अध्ययन तथा विश्लेषण,

कक्षाकोठा व्यवस्थापन, शैक्षिक सामग्री निर्माण, शिक्षक तालिम, समुदाय परिचालय आदि मुख्य क्रियाकलाप रहेका छन् । संस्थाले यो परियोजना गुड नेवर्स इन्टरनेशनल नेपाल, स्थानीय सरकार, विद्यालय तथा अन्य सरोकारवालाहरूको सहकार्य तथा समन्वयमा संचालन गर्नेछ ।

## २.०.उद्देश्य

यस कार्यक्रमको प्रमुख उद्देश्य, सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको सूचना तथा संचारसँगको पहुँचलाई सहज गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु हो । साथै यस परियोजनाको विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- विद्यालयहरूको आन्तरिक कार्य क्षमतामा सुधार गर्नु ।
- विद्यार्थीको सिकाइ उपलब्धी बृद्धि गर्नु ।
- सूचना तथा संचारको प्रयोग मार्फत विद्यालय क्षेत्रका समुदायहरूलाई समुदायसँग सम्बन्धित विभिन्न मुद्दाहरू जस्तै बाल विवाह, विद्यालयको विकासमा समुदायको भूमिका, स्वास्थ्य तथा शारीरिक शिक्षा जस्ता विषयहरूमा सचेत गराउनु ।

## ३.०.परियोजनाको क्षेत्र

स्मार्ट क्लासरुम परियोजना डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिका र पूर्वीचौकी गाउँपालिकाको केही सामुदायिक विद्यालयहरूमा संचालन गरिनेछ । यस परियोजनाका लागि प्रस्तावना आह्वान, परियोजना संचालनका लागि विद्यालय छनौट, छनौट विधि तथा सूचकमा उल्लेख भएका शर्तहरूको बारे यो शर्तनामाले जानकारी दिनुका साथै प्रस्तावना पेश गर्नुपर्ने समय तथा पेश गर्दा समावेश गर्नुपर्ने कागजातहरूको बारेमा पनि प्रष्ट पार्दछ ।

## ४.०.प्रस्तावना आह्वानका साथ संलग्न कागजातहरू

यस स्मार्ट क्लासरुम परियोजना संचालनमा विद्यालय छनौट सम्बन्धी प्रस्तावना आह्वानको शर्तनामा (ToR) निम्नानुसारका फाइलहरू समावेश गरिएको छ ।

- विद्यालय छनौट प्रक्रिया तथा छनौटका सूचक
- शर्तनामाहरू (ToR)
- प्रस्तावनाको ढाँचा

स्मार्ट क्लासरुम परियोजना संचालनका निम्ति प्रस्तावना पेश गर्ने विद्यालयले प्रस्तावना आह्वानमा समावेश गरिएका कागजातहरू शर्तनामामा (ToR) दिईएका सबै विवरण र सर्तनामाहरुका बारेमा राम्ररी अध्ययन र विश्लेषण गर्नुपर्नेछ । TOR मा उल्लेख गरिएका कागजातहरु अपुग भई आएको

प्रस्तावना आह्वान उपर कुनै कारवाही हुनेछैन ।

## ५.०.प्रस्तावनाको तयारी

### ५.१.प्रस्तावनाको भाषा

प्रस्तावना पेश गर्ने विद्यालयले तयार पारेको वा पार्ने प्रस्तावना सम्बन्धित कागजात तथा अन्य निर्णय सम्बन्धीका कागजात वा सूचनाहरू अँग्रेजी वा नेपाली वा अँग्रेजी नेपाली दुईटै भाषामा लेख्न वा तयार पार्न सकिने छ ।

### ५.२.प्रस्तावनामा समाबेश गरिनुपर्ने कागजातहरु

प्रस्तावना पेश गर्ने विद्यालयले तयार गर्ने वा पेश गर्ने प्रस्तावनासँगै तपशिल बमोजिमको कागजात पेश गरेको हुनु पर्नेछ ।

५.२.१. विद्यालयको शैक्षिक सत्र २०७५/७६ को विद्यालय सुधार योजनाको (एस.आई.पी.) एक कपी प्रतिलिपी ।

५.२.२. विद्यालय अवस्थित वडा कार्यालयबाट स्मार्ट क्लासरुम कार्यक्रम संचालनका लागि अनुरोध सहितको सिफारिश पत्र ।

५.२.३. सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अन्तिम तीनवटा बैठकको निर्णयको प्रतिलिपी ।

### ५.३.प्रस्तावनाको बैद्य समय अवधि

५.३.१ प्रस्तावनाको बैद्य समय अवधि, प्रस्तवना पेशका लागि आह्वान गरेको दिन देखि २१ दिनको हुनेछ ।

## ६.०. प्रस्तावना पेश

### ६.१.प्रस्तावनाको शिलबन्दी र संकेत

६.१.१. प्रस्तावनाको पेशः प्रस्तावनाको सक्कली कागजातहरु ( Hard Copies ) खामबन्दी गरी प्रस्तावना आह्वानको अन्तिम मिति अगावै प्रस्तावना आह्वान गर्ने संस्था समक्ष पेश गर्नु पर्नेछ ।

६.१.२. प्रस्तावना पेश गर्ने विद्यालयले व्यक्ति वा ईमेलमार्फत प्रस्तवाना पेश गर्न सक्नेछ ।

### ६.२. ढिलो गरी प्राप्त हुने प्रस्तावना

प्रस्तावना पेशका गर्नका लागि तोकिएको अन्तिम मिति भन्दा पछि पेश हुन आएका कुनै पनि प्रस्तावना उपर कुनै किसिमको कार्वाही हुने छैन ।

## ७.०. प्रस्तावनाको मूल्याकंन तथा विद्यालय छनौट

विद्यालयहरूबाट पेश हुन आएका प्रस्तावनाहरू विद्यालय छनौट प्रक्रिया तथा सूचकमा उल्लेख भएका शर्तहरू र प्रस्तावना पेश गर्दा समावेश गरिएका कागजातहरूको आधारमा गरिनेछ । विद्यालयको कार्यकुशलता, क्षमता र विगतमा सम्बन्धित विद्यालयमा संचालन गरिएका परियोजनाहरूको अनुभवहरूलाई पनि उत्तिकै महत्व दिइनेछ ।

## ८.० कुनै पनि प्रस्तावना स्वीकार तथा कुनै पनि प्रस्तावना वा सबै प्रस्तावना अस्वीकार गर्ने अधिकार

कुनै पनि विद्यालयले पेश गरेको प्रस्तावना स्वीकार या अस्वीकार गर्ने, कार्यक्रमका लागि विद्यालय छनौट गर्ने वा नगर्ने भन्ने सम्पूर्ण कुराको अधिकार प्रस्तावना आह्वान गर्ने सम्बन्धित संस्थामा निहीत हुनेछ ।

## ९.०. प्रस्तावना पेश गर्ने तारिका

प्रस्तावना र आवश्यक अन्य कागजातहरू सहित खामबन्दी गरी मिति २०७६ साल असार ३ गते कार्यालय समय भित्र, तपशिलमा उल्लेखित ठेगानामा आईपुग्नु पर्नेछ । खामबन्दी गरिएको प्रस्तावनामा बाहिर **स्मार्ट क्लासरुम परियोजना संचालनका लागि प्रस्तावना** " भन्ने बाहिर लेखेर पेश गर्नु पर्नेछ ।

तपसिल

सामुदायिक विकास केन्द्र

दिपायल सिलगढी नगरपालिका, वडा नं. ६, टुडिखेल नजिक

सिलगढी, डोटी, फोन : ०९४-४११०४१

ईमेल procurement.cdpdoti@gmail.com

वा

गुड नेवर्स इन्टरनेशनल नेपाल

जिल्ला कार्यालय

सिलगाउँ, दिपायल सिलगढी नगरपालिका, वडा नं. ६, डोटी

फोन : ०९४-४२०१०५